संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

मिति : २०७६/०५/३१
बैठक संख्या : १७० (तेस्रो)
समय : मध्यान्ह १२:३० बजे
प्रारम्भ : १२:२० स्थगन : २:१५

**विषयः–** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि छलफल र विविध ।

**छलफल तथा निर्णयः**

आज बसेको यस समितिको बैठकमा प्रतिनिधि सभाबाट उत्पत्ति भई अर्थ समितिको प्रतिवेदन सहित पारित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ माथि छलफल भयो ।

उक्त छलफलमा माननीय अर्थ मन्त्री, संशोधन प्रस्तावकर्ता माननीय सदस्यहरु, सम्बद्ध मन्त्रालयका सचिव, महालेखा नियन्त्रक, कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारी लगायतको सहभागिता रहेको थियो ।

**निर्णयः**

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ सम्बन्धमा संलग्न बमोजिम प्रतिवेदन पारित ।

२. पारित प्रतिवेदन सभाको आगामी बैठकमा पेश गर्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

संघीय संसद

राष्ट्रिय सभा

# विधायन व्यवस्थापन समिति

## प्रतिनिधि सभामा उत्पन्न भई उक्त सभाबाट अर्थ समितिको प्रतिवेदन सहित पारित आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ सम्बन्धमा समितिको प्रतिवेदन

१. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व विधेयक, २०७५ (यसपछि "विधेयक" भनिएको) को साविक दफा ४९ प्रतिनिधि सभाद्वारा पारित अर्थ समितिको प्रतिवेदन (यसपति "प्रतिवेदन" भनिएको) अनुसार कायम हुने दफा ५० को सट्टा प्रतिवेदनको बुँदा ३३ अन्तर्गत व्यवस्था गरिएको दफा ५० को उपदफा (३) को पहिलो हरफमा रहेको "पदाधिकारीबाट" भन्ने शब्दको सट्टा "विभागीय मन्त्री वा राज्यमन्त्रीबाट" भन्ने शब्दहरु राखी यसैको चौथो हरफमा रहेका "सम्बन्धित मन्त्री" भन्ने शब्दहरुको सट्टा "सम्बन्धित विभागीय मन्त्री" भन्ने शब्दहरु राख्ने ।

२. विधेयकको साविक दफा ६४ प्रतिवेदन अनुसार कायम हुने दफा ६५ को सट्टा देहायको दफा ६५ राख्ने :-

"६५. नियम, कार्यविधि वा निर्देशिका बनाउने अधिकार : (१) यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनेको नियमको अधीनमा रही महालेखा नियन्त्रक कार्यालयले प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन बनाउन सक्नेछ ।

(३) उपदफा (२) बमोजिम महालेखा नियन्त्रक कार्यालयले बनाएको प्राविधिक मार्गदर्शन, कार्यविधि, निर्देशिका तथा दिग्दर्शन नेपाल सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।"

३. विधेयकको साविक दफा ६५ झिक्ने ।

(मनोजकुमार गिरी)
सचिव

(परशु राम मेघी गुरुङ)
सभापति

मिति : २०७६/०५/३१